करबाकेली समाचार
पुन समाज यु.के.
Vol 01, 15 May 22

# पुन समाज यु.के. को १४ औ वार्षिक भेटघाट तथा शुभकामना कार्यक्रम भब्यताका साथ सम्पन्न




लामो समयको कोभिड १९ को महामारी पछी पुन समाज यु.के. द्वारा आयोजित १४ औ वार्षिक भेटघाट तथा नेपाली नयाँ बर्ष २०७९ को उपलक्ष्यमा आयोजित शुभकामना कार्यक्रम १४ मे २०२२ मा लण्डन स्थित फेलथाम स्पोर्टस एण्ड लेजर सेन्टरमा भब्यताका साथ सम्पन्न भएको छ । कार्यक्रम हलको प्रवेश द्वारमै करबाकेली कुलदेवताको थान राखेर पूजा गरी प्रसाद ग्रहण गरेर मात्रै भित्र प्रवेश गर्ने प्रबन्ध मिलाईएको कार्यक्रमको अध्यक्षता पुन समाज यु.के.का अध्यक्ष धन बहादुर पुन ले गर्नु भएको थियो । उक्त कार्यक्रमका प्रमुख अतिथी एनआरएन यु.के. का अध्यक्ष प्रेम बहादुर गाहा मगर हुनुहुन्थ्यो भने बिशेष अतिथिहरुमा मगर संघ यु.के. का अध्यक्ष सिता पुर्जा पुन मगर, स्वर्गिय तुल बहादुर पुन भिसी कि धर्म पत्नी पुनिसरा तिलिजा र अतिथिहरुमा मोना यु.के. का अध्यक्ष कुमार फगामी लगायत अन्य सामाजिक संघ संस्थाहरुका प्रतिनिधिहरु र अन्य बिशेष सम्मानित ब्यक्तिहरु हुनुहुन्थ्यो ।

पुन समाज यु.के. का सचिब राम बहादुर तिलिजा बाट हेल्थ एण्ड सेफ्टीको बिषयमा जानकारी गराउदै सुरु भएको कार्यक्रममा कोभिड १९ महामारीबाट ज्यान गुमाउनु हुने समाजका सदस्यहरु लगायत अन्य सबैमा श्रदान्जली अर्पण गर्दै एक मिनेट मौन धारण् गरिएको थियो । पुन समाज यु.के.का अध्यक्ष प्रमुख अतिथी र बिशेष अतिथीको बाहुली बाट कुलदेवताको थान सहितको फोटोमा बत्ती बालेर उदघाटन गरिएको कार्यक्रममा उपस्थित अतिथिहरु लगायत उपस्थित सम्पूर्णमा पुन समाज यु.के. का उपाध्यक्ष केशमाया पुन ले स्वागत मन्तब्य राख्नु भएको थियो । देश बिदेशमा रहेर पनि बिभिन्न सामाजिक कार्यहरु, पर्यटन क्षेत्र सम्बन्धी साहसिक् कार्यहरु, कोभिड १९ को महामारिमा बिशेष योगदान पुर्‍याउनु हुने ब्यक्तिहरु, पुन समुदायको चर्चित ब्यक्तिहरु र पुन समुदायहरुको बिषयमा पुस्तक प्रकाशन गर्ने ब्यक्तिहरु, करबाकेली थान करबाकेली संग्राहलय् करबाकेली ईको पर्यटन पदमार्ग बनाउने ब्यक्ती र नेपाल बाट आएका कलाकारहरुलाई बिशेष सम्मान तथा बेलायतमा रहेर अध्ययन क्षेत्रमा बाट मास्टर्स ग्राजुवेशन गर्ने ब्यक्तिहरु, पुन समुदायका ब्यवसायिहरु, आर्मी क्षेत्रमा माथिल्लो तहमा पदोउन्नती हुने ब्यक्तिहरु र समाजलाई प्रायोजन गर्ने ब्यक्तिहरु र समाजमा रहेर बिशेष योगदान सहयोग गर्ने बिशेष ब्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

आफ्नो छोटो मन्तब्यको क्रममा प्रमुख अतिथी एनआरएन यु.के.का अध्यक्ष प्रेम बहादुर गाहा मगरले नेपालीदुताबास र बिभिन्न नेपाली बेलायती सामाजिक संघ संस्थाहरु सँग समन्वय गरेर  गोर्खाहरुको समान अधिकार लगायत बेलायतमा बस्ने नेपालीहरुको समस्या र अधिकार लगायतका बिषयहरुमा सहयोग समन्वय र पहल गर्दै आईरहेको बताउनुभयो । आफ्नो आमा पनि पुनको छोरी भएकोले पुन मगर समुदायको सँस्कार संस्क्रिती र परम्पराहरु सँग आफु पनि नजिक रहेको भन्दै पुन समाज यु.के. ले बेलायतबासी लगायत नेपाल र नेपालमा बस्ने पुन समुदायहरुमा गरेका उल्लेख्निय सहयोगहरु प्रती ब्यक्तीगत र एनआरएन यु.के. को तर्फ देखी धन्यवाद ब्यक्त गर्दै पुन समाज यु.के. सँग सधैं सहकार्य रहने प्रतिबद्धता ब्यक्तगर्नु भएको थियो । बिशेष अतिथिको रुपमा आफ्नो छोटो मन्तब्य राख्दै मगर संघ यु.के. कि अध्यक्ष सिता पुर्जा पुन ले आफु स्वयम म्याग्देली पुन कि छोरी भएको र मगर संघ यु.के. को तर्फ देखी बिशेष अतिथी भएर आफ्नै पुन समाजको कार्यक्रममा आउनु पाउदा अत्यन्तै खुशी लागेको र मगर भित्रको पुन समुदाय अन्य मगर भन्दा बिशेष पहिचान बोकेको मगर समुदाय रहेकोले पुन समुदायहरुको उत्थान र प्रगतिको लागि आफ्नो ब्यक्तिगत रुपमा सधैं सहयोग र शुभेक्क्षा रही रहने भन्दै पुनहरुको उथ्थान प्रगती नै सबै मगरहरुको प्रगती हो भन्दै नेपाल मगर संघको स्थापना पनि स्वर्गिय हेम बहादुर पुर्जा पुनले गर्नु भएको र मगर संघ अहिलेको अवस्था सम्म ल्याउनको लागि आर्थिक नैतीक भौतिक सबै क्षेत्रहरुमा पुन मगरहरुको बिशेष अग्रणी भूमिका रहदै आएको बताउदै मगर संघ यु.के. र पुन समाज यु.के. स्थापनाकाल देखी नै बिशेष सम्बन्ध रहदै आएको र भविस्यमा अझ उच्च रहने प्रतिबद्धता ब्यक्तगर्नु भएको थियो ।




पहिलो चरणको समापन मन्तब्य राख्दै पुन समाज यु.के. का अध्यक्ष धन बहादुर पुन ले पुन समाज यु.के.को १५ बर्षको लामो यात्रामा समाजले बेलायतबासी पुनहरु, बेलायतमा स्थापित अन्य नेपाली सामाजिक संघ संस्थाहरुको अनुरोधमा सहयोग, कोभिड १९ महामारी नियन्त्रणको लागि बेलायतको नेशनल हेल्थ सर्भिसमा सहयोग, नेपालमा भुकम्प तथा बढी पहिरो र नेपालमा पुन समुदायको लागि राष्ट्रिय स्तरको करबाकेली थान संग्राहलय लगायत अनेकौ बिषयहरुमा सहयोगहरु गर्दै आएको कुरा राख्दै हाम्रा अग्रजहरुले जुन निती र उदेश्यहरु राखेर पुन समाजको स्थापना गरे पुन समाज यु.के. पनि त्यही निती र उदेश्यमा रहेर स्थापना भएकोले पुन समुदायको पहिचान, निती र उदेश्यहरु समाजको बिधानमा प्रस्ट रुपमा लेखिएकोले समाज सधैं त्यसरी नै अगाडि बढी रहने कूरा जानकारी गराउनु भएको थियो । १४ औ वार्षिक भेटघाट तथा शुभकामना कार्यक्रम ब्यवस्थापनको लागि खट्नु हुने कार्यक्रम कोअर्डिनेटर टिमका सम्पूर्ण कार्यसमितिका ब्यक्तिहरु, उपस्थित प्रमुख अतिथी, बिशेष अतिथी,अतिथिहरु, बिशेष सम्मानित ब्यक्तिहरु,खानपिन र सेलरोटी बन्दोवस्त गर्ने ब्यक्तिहरु,नेपाल बाट आउनु भएका कलाकार, स्थानिय कलाकारहरु, साउन्ड् सिस्टम सहयोगी,कार्यक्रम प्रायोजकहरु लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबै ब्यक्तित्वहरु र उपस्थित सबैमा समाजको तर्फ देखी धन्यवाद ब्यक्त गर्नु भएको थियो । पहिलो चरणको औपचारिक कार्यक्रम पुन समाज यु.के.का महासचिब रुद्र बहादुर पुन ले संचालन् गर्नु भएको थियो ।

नेपालको राष्ट्रिय गान बाट सुरु भएको दोस्रो चरणको साँस्कृतिक कार्यक्रम देउजित तिलिजाको संयोजनमा मादलेहरु जंग बुदुजा,खुम बहादुर गर्बुजा,तिलक पुन,मनिराम फगामी, मारुनीहरु बहादुर पुर्जा, हरीकृष्ण पुर्जा, मोहन बुदुजा, टिका पुन,टेक बहादुर पुन र आमा समुहहरुको स्वरमा पुनहरुको एतिहासिक पहिचान रहेको पुर्खेउली नाच सधैंको भन्दा केही फरक प्रस्तुती राखेर प्रस्तुत गरेका थिए । सो पुर्खेउली गीतको लय र बिधी अनुसार समाजका सस्थापक अध्यक्ष र पुर्व अध्यक्षहरुले कुलदेवताको थानमा पूजा गर्नु भएको थियो । पुन समाज यु.के. को निमन्त्रणामा नेपाल बाट आउनु भएका अतिथी कलाकार चर्चित लोकप्रिय गायक गगन पुन ले लोकगित,पपगित, सोरठी गीत,लोकदोहोरी गीत, पञ्चेबाजा गीत लगायत अहिले चलेका अनेकौ चर्चित गीतहरु गाएर उपस्थित सबैलाई सुरु देखी अन्त सम्म नचाएर भरपुर मनोरन्जन गराउनु भएको थियो । स्थानिय चर्चित लोकदोहोरी गायिका कल्पना गुरुङ पुन र सिरी प्रसाद् पुन को दोहोरी गीतको प्रस्तु पनि रहेको थियो भने स्थानिय कलाकारहरु आयुष्मा फगामी, सारा पुन, गौरिका गर्बुजा, गीता पुन, खिम पुन, ईशा पुन, सोभा पुन, पूजा पुन, सविना पुन र रितु पुन ले बिभिन्न नाचहरु प्रस्तुत गरेका थिए । कार्यक्रमको प्रत्यक्ष प्रशारण पुन समाज यु.के. को फेसबुक पेजबाट समाजको मेडिया टिमले गरेका थिए भने साँस्कृतिक कार्यक्रमको संचालन् अर्जुन तिलिजा र रितु पुर्जा ले गरेका थिए । कोभिड १९ महामारीले गर्दा दुई बर्ष पछी आयोजना गरिएको कार्यक्रममा बेलायतका बिभिन्न क्षेत्रहरु बाट पुनहरु लगायत अन्य नेपालीहरुको उल्लेखनिय उपस्थिती रहेको थियो ।